# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९।०८०
चलानी नं.: ४११६

मितिः २०८०।०३।१२

बिषयः निर्णय प्रतिलिपि पठाएको सम्बन्धमा।

श्री संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,
धुलिखेल, काभ्रे।
श्रीमान् प्रमुखज्यू/श्रीमान उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू(सबै), बनेपा नगरपालिका।
श्री सबै शाखा, बनेपा नगरपालिका।

उपर्युक्त विषयमा बनेपा नगरपालिकाको मिति २०८० असार ९ गते नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गरिन्छ।

.....................
शिबप्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, पो.ब.नं. ५०८, Email:banepamun@gmail.com, info@banepamun.gov.np

बैठक संख्या : २५

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०८० साल असार ९ गते शनिबार बिहान ९:०० बजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसी विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सीं | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | का.वा.सदस्य (वडा नं. १०) | श्री सुशिल थापा | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | अनुपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | का.वा. सदस्य (वडा नं. १४) | श्री उत्तम के.सी. | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

छलफलका विषयहरू:

१. आ.व. २०८०।०८१ को नीति, तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेश गर्ने सम्बन्धमा,

२. ठेक्काको म्याद थप सम्बन्धमा,

३. विविध।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो।

२. बनेपा नगरपालिकाको नगर सभाको बाह्रौ अधिवेशनबाट अनुमोदनका लागि देहाय बमोजिमका प्रस्तावहरु प्रस्तुत गर्ने निर्णय गरियो।

क. बनेपा नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०८० कर तथा गैरकर राजस्वका श्रोत तथा दर र आ.व. २०८०।०८१ का लागि सिफारिस गरिएको कुल रु. ३३,५०,६९,७००। (तेतीस करोड पचास लाख उनान्सत्तरी हजार सातसय) आन्तरिक आय अनुमान प्रस्ताव स्वीकृतिका लागि आगामी नगरसभामा प्रस्तुत गर्ने निर्णय गरियो।

ख. बनेपा नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८०।३।८ गतेको बैठकबाट निर्णय भई पेश भएको बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को लागि कुल रु. १,३५,४९,७२,०००। (एक अरब पैतीस करोड उनान्चास लाख बहत्तर हजार) आयव्यय भएको बजेट सिलिङ्गका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भएको विनियोजन विधेयक, २०८० सहितको बजेट तथा कार्यक्रम स्वीकृत गरी आगामी नगर सभामा स्वीकृतिका लागि प्रस्तुत गर्ने निर्णय गरियो।

ग. बनेपा नगरपालिकाको आगामी आ.व. २०८०।०८१ का लागि नगर प्रमुखज्यूबाट प्रस्तुत भएको नीति तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि आगामी नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो।

घ. यस नगरपालिकाद्धारा संचालित आयोजनाहरुको जाँचपास फरफारक गर्न गठित जाँचपास समितिबाट आ.व. २०७९।०८० मा पटक पटक बैठक बसी जाँचपास तथा फरफारक भएका योजना तथा कार्यक्रम अनुमोदनका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो।

ङ. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० मा संझौता भई कार्यादेश भएका तर भुक्तानी हुन बाँकी रहन जाने उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुको सम्बन्धमा यस आ.व.मा खर्च नभई मौज्दात रहने रकमवाट व्यहोरिने गरी मिति २०८० साल मंशिर मसान्त सम्ममा भुक्तानीको व्यवस्था मिलाउने गरी आगामी आ.व. २०८०।०८१ को बजेटमा आवश्यक रकम व्यवस्था गरी खर्च गर्न कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजनका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो।

च. महालेखा परीक्षकको कार्यालयबाट बनेपा नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को अन्तिम लेखा परीक्षण भई प्रारम्भिक प्रतिवेदन पाप्त भई सोको प्रतिक्रिया पठाई अन्तिम प्रतिवेदन समेत प्राप्त भएकाले उक्त प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेख भई आएका सुझावहरुलाई कार्यान्वयन गर्ने गरी उक्त प्रतिवेदन स्वीकृतिका लागि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो।

छ. बनेपा नगरपालिकाको मौजुदा दरबन्दी तथा संगठन स्वरुपको संगठन तथा व्यवस्थापन सर्भेक्षण (OandM) गर्ने प्रयोजनका लागि गठित समितिबाट सिफारिस भएको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०८० स्वीकृत गर्ने र उक्त प्रतिवेदन कार्यान्वयनमा नआएसम्म बनेपा नगर कार्यपालिकाका लागि चालु आ.व. २०७९।०८० सम्ममा मौजुदा रहेको दरबन्दी तथा संगठन स्वरुपलाई स्वीकृत गरी निरन्तरता दिन नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो।

झ. बनेपा नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत अस्थायी, करार र ज्यालादारी सेवाका कर्मचारीहरु मध्ये आवश्यक कर्मचारीहरुको आ.व. २०८०।०८१ का लागि समेत म्याद थप गर्ने अधिकार कार्यपालिकामा प्रदान गर्न नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

झ. बनेपा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७६।११।१३ को बैठकको नि.नं. १५ मा निर्णय भई कार्यान्वयन भई रहेको कर्मचारी अवकास हुँदा सेवा अवधी दुई वर्ष थप गर्ने सम्बन्धी निर्णय लगायत सो पछिका कार्यपालिकाबाट भएको निर्णय बमोजिम कर्मचारीहरुमा उपलब्ध भई आएको सेवा सुविधालाई यथावत रुपमा कार्यान्वयन गर्न नगर सभामा स्वीकृतिको लागि प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ञ. बनेपा नगरपालिकाको न्यायिक समितिबाट आर्थिक वर्ष २०७९।०८० मा सम्पादन भएका कामको वार्षिक विवरण स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५३(२) बमोजिम जानकारीका लागि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

ट. बनेपा नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५ को दफा ६०(२) बमोजिम आ.व. २०७९।०८० सम्म सुचिकरण तथा अध्यावधिक भएका मेलमिलापकर्ताहरुको सूची आगामी आ.व. २०८०।०८१ का लागि समेत अध्यावधिक गर्नका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ड. चालु आर्थिक वर्ष २०७९/०८० मा सञ्चालित आयोजनाहरु मध्ये वडा समितिबाट सिफारिस भएर कार्यपालिकाबाट स्वीकृत भै कार्यान्वयन गरिएका वडा स्तरीय आयोजनाहरु अनुमोदनका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ढ. यस नगरपालिकाको आवस्यकता अनुसार विभिन्न मितिहरुमा कार्यपालिका बैठकबाट गरिएका संशोधन एवं थप स्वीकृति अनुरुप सञ्चालन भएका आयोजनाहरु अनुमोदनका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ण. आगामी आर्थिक वर्ष २०८०/०८१ मा कार्यान्वयन गरिने वडा स्तरीय आयोजनाहरु वडाको सिफारिस बमोजिम कार्यपालिका बैठकवाट स्वीकृत गर्न अधिकार प्रत्यायोजन गर्न अनुमोदनका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

त. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका वित्तीय हस्तान्तरण अन्तर्गतका सशर्त, समपुरक तथा विशेष अनुदान र प्रधानमन्त्री रोजगार अनुदानका कार्यक्रमहरु तोकिए बमोजिम नै खर्च गर्ने गरी बजेटमा समाहित गर्न नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

थ. बनेपा नगरपालिकाका उपप्रमुख बाट आर्थिक विधेयक, २०८० र आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

द. बनेपा नगरपालिकाको आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि नगर क्षेत्रभित्र सञ्चालित गैरसरकारी संस्थाहरुले पेश गरेका बजेट तथा कार्यक्रम नगरपालिकाको बजेट तथा कार्यक्रम पुस्तिकामा समावेश गर्न प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

ध. यस नगरपालिकाको आ.व. २०७८।०७९ को स्थानीय तह स्वमूल्याङ्कन प्रतिवेदन र वित्तीय जोखिम न्युनिकरण कार्ययोजना प्रतिवेदन अनुमोदनका लागि नगर सभामा प्रस्ताव प्रस्तुत गर्ने ।

न. बनेपा नगरपालिकाको मिति २०८० असार १० गते हुने नगर सभाको बाह्रौ अधिवेशनं सञ्चालनका लागि देहाय बमोजिमको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख

बनेपा नगरपालिका

नगर सभाको दशौं अधिवेशन

२०८० असार १०

कार्यसूची

| कार्यक्रम | अनुमानित समय | कैफियत |
|---|---|---|
| सभाका सदस्यहरुको आगमन र जलपान | ८:००–८:४५ | |
| १. सभाका सदस्यहरु सभा कक्षमा प्रवेश तथा उपस्थिति | ८:४५–९:०० | |
| २. नगर सभाका अध्यक्ष एवं बनेपा नगरपालिकाका प्रमुखज्युको सभामा आगमन | ९:०० | |
| ३. सभाध्यक्षबाट आशन ग्रहण र राष्ट्रिय गान तथा नगर गान प्रस्तुती | ९:००–९:१० | |
| ४. सभाध्यक्षबाट दीप प्रज्वलन गरी सभाको शुभारम्भ– मंगलध्वनी | ९:१०–९:१५ | |
| ५. सहिदहरुको सम्मानमा एक मिनेट मौन धारण | ९:१५– ९:२० | |
| ६. सभाध्यक्षबाट बनेपा नगरपालिकाको आ.व. ०८०।०८१ को नीति तथा कार्यक्रम सभामा प्रस्तुत | ९:२०–१०:०० | |
| २० मिनेटका लागि बैठक स्थगन | १०:००–१०:२० | |
| ७. नीति तथा कार्यक्रम उपर छलफल र निर्णय | १०:२०–१०:५० | |
| ८. बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ का लागि तयार भएको आर्थिक विधेयक २०८० उपप्रमुख श्री बिमला सापकोटाबाट सभा समक्ष टेबुल | १०:५०–११:३० | |
| ९. बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ का लागि तयार भएको विषयगत क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रम उपप्रमुख श्री बिमला सापकोटाबाट सभा समक्ष टेबुल | ११:३०–१२:०० | |
| मिति २०८० साल असार .. गते नगर सभाको दशौं अधिवेशनको दोस्रो बैठक बस्ने गरी सभाध्यक्षबाट बैठक स्थगन | १२:०० | |
| दिवा खाना | | |

३. चालु आ.व. २०७९।०८० मा सञ्चालनका लागि संझौता भएका तर विभिन्न कारणले म्याद थपका लागि माग निवेदन भएका निर्माण व्यवसायी मार्फत सञ्चालित योजनाका हकमा म्याद समाप्त भएका मितिले २०८० साल असार मसान्तसम्म म्याद थप गर्ने ।

४. बनेपा नगरपालिका वडा नं. ८ पुण्यमाता नदी पार गर्ने पुण्यश्वर मन्दिर छेउको पुल छेउमा वर्षातका कारण कटान भई पुल नै बगाउने खतरा भई तत्काल ग्याभिनवाल लगाई संरक्षण कार्यमा भएको स्टिमेट अनुसारको रकम विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

५. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमा वितरणका लागि छपाई गरिएको विद्यार्थी डायरी छपाइका लागि जम्मा रु. ४,३२,२२५। मध्ये विनियोजित रकम रु. २ लाख अप्रयाप्त भएकाले बाँकी रकम रु. २,३२,२२५। शिक्षा शाखा तर्फ विनियोजित रकम मध्येको उपयुक्त शीर्षकबाट भुक्तानी दिने ।

६. बनेपा नगरपालिका वडा नं. ४ मा निर्माणका लागि प्रस्तावित पन्ध्र शैंयाको अस्पतालका लागि का.प.जि. बनेपा नगरपालिका वडा नं. ४ साविक उग्रचण्डी नाला वडा नं. ४ कि.नं १०४ क्षे.फ. १८-१०-१-१ भएको सार्वजनिक जग्गा प्राप्ति गरी अस्पताल निर्माणको प्रक्रिया अगाडी बढाउन आवश्यक भएकाले सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ ले निर्धारण गरे तपसिलमा उल्लेखित कारणले उक्त जग्गा नै प्राप्त गर्न आवश्यक भएकोले सम्बन्धित निकायमा सोही बमोजिम अनुरोध गरी जग्गा प्राप्तिको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

क) उक्त उल्लेखित जग्गा नगर अस्पताल निर्माण गर्ने नेपाल सरकारको नीति अनुरुप प्रयोग गर्नुपर्ने भएको,

ख) अस्पताल निर्माणका लागि न्युनतम पन्ध्र रोपनी जग्गा आवश्यक पर्ने भएकाले सो बमोजिमको उपयुक्त स्थान र आवश्यक क्षेत्रफल भएको जग्गा अन्यत्र व्यवस्थापन गर्न सकिने अवस्था नरहेको,

ग) उक्त जग्गामा अस्पताल निर्माण गर्न यस अगाडी बढाईको प्रक्रिया बमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समेत सहमती प्रदान भई डिपिआर समेत भएकाले उक्त जग्गा नै प्रयोग गर्न पर्ने अवस्था रहेको,

घ) उल्लेखित जग्गामा अस्पताल निर्माण भएमा उक्त अस्पताल सार्वजनिक रुपमा प्रयोग हुने र उक्त जग्गा अन्य कुनै प्रयोजनमा प्रयोग नभई संरक्षण हुने अवस्था रहेको,

ङ) हालको अवस्थामा उल्लेखित जग्गा ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका स्थलका रुपमा नरहेको र सो किसिमका मौलिकतामा कुनै असर नपर्ने निश्चित भएको, र

च) उक्त जग्गा दैविप्रकोप व्यवस्थापनका लागि प्रयोग हुन सक्ने अवस्था नरहेको ।

७. बनेपा नगरपालिका वडा नं. ४ मा सञ्चालित नगर अस्पतालका लागि २ जना र वडा नं. १ मा सञ्चालित स्वास्थ्य केन्द्रका लागि १ जना कार्यालय सहयोगी आवश्यक भएकाले सम्बन्धित स्वास्थ्य संस्थाले छनौट गरी संझौता गरी कार्यान्वयन गर्ने भनि मिति २०८०।२।२६ को का.पा. वैठकबाट निर्णय भएकोमा उक्त उल्लेखित दुबै स्वास्थ्य संस्थाका लागि आवश्यक कार्यालय सहयोगी बनेपा नगरपालिका वडा नं. ४ स्थित आधारभूत नगर अस्पतालले नै छनौट गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

८. बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा सम्पादन गरिनुपर्ने मध्यम कालिन खर्च संरचना (MTEF) को कार्य गर्न सहजिकरणको जिम्मेवारी दिइएका विषय विज्ञ श्री हरिबोल काफ्लेसँग भएको संझौता अनुसार एकमुष्ट रु. ९६,०००। (कर समेत) भुक्तानी दिने निर्णय गरियो ।